फेदीखोला गाउँपालिका

# स्थानीय राजपत्र

गाउँ कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

❒खण्ड २ ❒संख्या ५ ❒२०७५/०१/१२


गाउँ कार्यपालिकाबाट स्वीकृत : २०७५/०१/०९

प्रमाणिकरण : २०७५/०१/०९

## भाग २

# विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५


फेदीखोला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, स्याङ्जा

## प्रस्तावना

विपद्को दृष्टिकोणबाट नेपाल संसार कै संवदनशील देशहरू मध्ये एक हो । अव्यवस्थित बसाइसराई, जथाभावी वन फडानी तथा अतिक्रमण, अवैज्ञानिक खेती प्रणाली कृषिमा अव्यवस्थित चाप, जनसंख्याको बढ्दो चाप, अव्यवस्थित शहरीकरण, अदुरदर्शी भौतिक संरचना निर्माण, जलवायु जन्य जोखिम, जनचेतनाको कमी जस्ता कारणले हरेक वर्ष हुने बाढी पहिरो, महामारी, झाडापखाला, अनिकाल आगलागी र भूकम्प जस्ता दुर्घटनामा हजारौं मानिसहरूको मृत्यु हुने गरेको छ । यस्ता प्रकारका विपदबाट जीउधन माथी भएको क्षति त छदैछ भौतिक संरचनामा समेत क्षति पुग्दा आर्थिक सामाजिक विकासमा समेत ठूलो नोक्सानी व्यहोर्नु परेको छ । यसरी हुने गरेका मानवीय तथा भौतिक क्षतिलाई न्यूनीकरण गर्नका लागि बान्छनिय भएकाले स्थानीय सरकार संचालन सम्बन्धि ऐन २०७४ को दफा १०२ बमोजिम फेदीखोला गाउँ कार्यपालिकाको मिति २०७५।०१।०९ गतेको वैठकले यो कार्यविधि स्विकृत गरि लागु गरेको छ ।

## परिच्छेद – एक
## संक्षिप्त नाम र प्रारम्भ

(१) संक्षिप्त नाम :- यस कार्यविधिको नाम **विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५** रहनेछ ।

(२) यो कार्यविधि तुरून्त लागु हुनेछ ।

(३) परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) कार्यविधि भन्नाले **विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७५** भन्ने बुझ्नुपर्छ ।

(ख) कोष भन्नाले विपद् कोष भन्ने बुझ्नुपर्छ ।

(ग) कार्यपालिका भन्नाले गाउँ कार्यपालिका भन्ने बुझ्नुपर्छ ।

(घ) अध्यक्ष भन्नाले फेदीखोला गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

(ङ) उपाध्यक्ष भन्नाले फेदीखोला गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

(च) प्रमुख प्रशासकीय अधिकृत भन्नाले फेदीखोला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

(छ) सदस्य भन्नाले फेदीखोला गाउँपालिकाको निर्वाचित जनप्रतिनिधि सम्झनुपर्दछ ।

(ज) लेखा प्रमुख भन्नाले फेदीखोला गाउँपालिकाको लेखा शाखा प्रमुखलाई सम्झनुपर्दछ ।

(झ) विपद् कोष :- विपद कोष भन्नाले दफा (७) बमोजिम गठित कोषलाई सम्झनुपर्दछ ।

(ञ) व्यवस्थापन समिति :- भन्नाले दफा (५) बमोजिम गठित समितिलाई सम्झनुपर्दछ ।

(ट) विपद् भन्नाले प्राकृतिक वा गैर प्राकृतिक कारणबाट उत्पन्न विपत्तिपूर्ण अवस्था सिर्जना भई धनजन, पशुचौपायाको क्षतिको साथै जीवनयापनमा प्रतिकुल असर परी वा पारी विपद्बाट प्रभावित व्यक्ति वा समुदायको आफ्नै स्रोत र क्षमताबाट समाधान हुन नसक्ने वाह्य सहयोगको आवश्यकता पर्ने दुःखद तथा कष्टपूर्ण प्राकृतिक वा गैरप्राकृतिक विपद् र हुन सक्ने विपत्तिपूर्ण अवस्थालाई समेत सम्झनु पर्छ ।

(ठ) प्राकृतिक विपद् भन्नाले बाढी, अतिवृष्टि, अनावृष्टि, खडेरी, आँधी, असिनापानी, भूकम्प, ज्वालामुखी विष्फोट, बाढी, पहिरो, चट्याङ तथा भूस्खलन जस्ता प्राकृतिक कारणबाट उत्पन्न विपद्लाई सम्झनु पर्छ ।

(ड) गैर प्राकृतिक विपद् भन्नाले महामारी, अनिकाल, डढेलो, कीट आतङ्क, वर्डफ्लू, सर्पदंश, जनावर आतङ्क, खानी दुर्घटना, औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्यास वा रसायन चुहावट, विकिरण, ग्यास विष्फोटन विशाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण वा विनास, भौतिक संरचनाका क्षति तथा विपद्का समयमा गरिने उद्धार कार्यका क्रममा हुने दुर्घटना आदिलाई सम्झनु पर्छ ।

(तर गैर प्राकृतिक विपद्को हकमा मदिरा सेवन गरेको तथा न्यूनतम सावधानी नअपनाइएको भनी प्रहरी वा स्वास्थ्य संस्थाको मुचुल्काबाट देखिन आएमा राहत उपलब्ध गराइने छैन ।)

(ढ) विपद् व्यवस्थापन भन्नाले विपद् जोखिम व्यवस्थापन र न्यूनीकरण, विपद् पूर्वतयारी, विपद् पुनर्लाभ संग सम्वन्धित सम्पूर्ण क्रियाकलापलाई सम्झनु पर्छ ।

(ण) विपद् जोखिम न्यूनीकरण भन्नाले विपद् पूर्व गरिने विपद् जोखिम विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम, विपद् अल्पीकरण तथा विकास कार्यमा विपद् जोखिम न्यूनीकरणको मूलप्रवाहीकरण संग सम्वन्धित कार्य सम्झनु पर्छ ।

(त) पूर्व तयारी भन्नाले विपद् हुनु पूर्व सम्भावित विपद्को प्रतिकारको लागि गरिने सबै प्रकारका तयारी र विपद्को सम्भावित जोखिम व्यवस्थापन र न्यूनीकरणका कार्य समेतलाई सम्झनु पर्छ ।

(४) **उद्देश्य :-**

(क) विपद्मा परेका पीडितलाई उद्धार र पुनः स्थापना गर्ने कार्यका लागि सबै सरकारी तथा गैर सरकारी क्षेत्रको सहयोगमा जनसहभागिता समेत जुटाउनु ।

(ख) विपद्का लागि अत्यधिक जोखिम क्षेत्र पहिचान तथा नक्साङ्कन गरी जनचेतना अभिबृद्धि गर्नु ।

(ग) विपद्को जोखिमलाई न्यूनीकरण गर्न समय सापेक्ष नीतिगत र संस्थागत संयन्त्रमा सुधार गर्नु ।

(घ) विपद्‌बाट पीडित पक्षलाई आधारभूत आवश्यकताका लागि तत्कालै राहत उपलव्ध गराउनु ।

(ङ) विकास निर्माण तथा भौतिक संरचनाको निर्माण गर्नु अघि वातावरण मैत्री प्रणालीमा जोड दिन जनचेतना जगाउनु ।

(च) विपद्‌को जोखिम न्यूनीकरणको लागि उपयुक्त सूचना प्रकोप पूर्वको तयारीका लागि उपलव्ध गराउनु ।

(छ) राष्ट्रिय योजना आयोगले बनाएको उद्देश्य परिपूर्तिका लागि उन्मुख हुनु ।

(ज) विपद् व्यवस्थापनमा काम गर्ने निकायको बीच समयमा नै समन्वय गर्नु ।

(झ) विपद् सम्वन्धी सूचना दिने प्रविधिको व्यवस्थापन गर्नु ।

## परिच्छेद – दुई
## व्यवस्थापन समिति गठन

(५) **विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७४** को सञ्चालन तथा आवश्यक नीति निर्माण तथा निर्देशनका लागि देहाय वमोजिमका सदस्य रहने गरी एक सञ्चालन समिति रहनेछ ।

(१) गाँउपालिका अध्यक्ष – संयोजक
(२) गाँउपालिका उपाध्यक्ष – सदस्य
(३) प्रमुख प्रशासकीय अधिकृत – सदस्य
(४)वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक - सदस्य
(५) गाउँपालिकाभित्रको प्रहरी कार्यालयको प्रमुख – सदस्य
(६) इन्जिनियर/प्राविधिक शाखा प्रमुख – सदस्य
(७) नेपाल रेडक्रस सोसाइटीको गाउँपालिका शाखा प्रतिनिधि – सदस्य
(८) गाउँपालिकाको स्वास्थ्य प्रतिनिधि – सदस्य
(९) योजना शाखा प्रमुख – सदस्य

अ) आवश्यकता परेमा विपद् कोष व्यवस्थापन समितिको बैठकमा अन्य विशेषज्ञ समेत आमन्त्रण गर्न सकिनेछ ।

(५.१) समितिको काम कर्तव्य र अधिकार

(क) गाँउपालिका विपद् कोष व्यवस्थापनका लागि आर्थिक स्रोतको व्यवस्थापन गर्ने ।

(ख) गाँउपालिका विपद् व्यवस्थापन कोषको सञ्चालनका लागि योजना तर्जुमा गरी गाँउ सभाबाट स्वीकृत गराई कार्यक्रम तय गर्ने गराउने ।

(ग) विपद्‌को घटना घट्नु अगावै जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने ।

(घ) विपद्बाट पीडित भएका व्यक्तिको सन्दर्भमा तथ्याङ्क संकलन गरी विपद्को घटना घटेको ठाँउमा समितिले अनुगमन गर्नुका साथै राहतको कार्यक्रम लागु गर्ने ।

(ङ) विपद्का लागि पूर्व तयारीमा रहने

(च) विपद् न्यूनीकरण तथा नियन्त्रणको पूर्वाधार निर्माण गर्न गाँउपालिकालाई सिफारिस गर्ने ।

## परिच्छेद–तीन
## समितिको बैठक

(६) **गणपुरक संख्या**

(क) समितिको बैठक बस्ने प्रयोजनका लागि ५१ प्रतिशत सदस्यलाई गणपुरक संख्या मानिनेछ । तर आपतकालिन अवस्थामा अध्यक्षले उद्धार तथा राहतका लागि सिधै निर्देशन गर्न सक्नेछ ।

(ख) व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार जुनसुकै समयमा पनि वस्न सक्नेछ ।

## परिच्छेद–चार
## कोषको स्थापना र सञ्चालन

(७) यस कोषमा देहाय अनुसारको रकम जम्मा गरिनेछ ।

(क) फेदीखोला गा.पा.बाट वार्षिक रूपमा  विपद् व्यवस्थापन कोषमा विनियोजन भएको रकम ।

(ख) नेपाल सरकारबाट प्राप्त हुने अनुदान सहयोग ।

(ग) विभिन्न सरकारी गैर सरकारी तथा अन्य दाताबाट प्राप्त भएको सहयोग ।

(घ) अन्य स्रोत

(८) **कोषको सञ्चालन** : यस कोषको रकम गाँउपालिका विपद् व्यवस्थापन कोषको खातामा जम्मा गरी स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली  अनुसार खर्च गरिनेछ ।

(९) **कोषमा जम्मा भएको रकम** :- यस कोषमा जम्मा भएको रकम विपद् व्यवस्थापनका लागि बाहेक अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन ।

(१०) **लेखा परीक्षण :** यस कोषको आन्तरिक लेखा परीक्षण आ.ले.प.शाखाबाट र अन्तिम लेखा परीक्षण महालेखा परिक्षकको कार्यालयबाट गरिनेछ ।

(११) **खाता सञ्चालन** : यस कोषको खाता सञ्चालन स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ अनुसार हुनेछ ।

## परिच्छेद – पाँच

## उद्धार तयारी व्यवस्थापन

(१२) विपद्को जोखिममा रहेको क्षेत्रको पहिचान गर्ने ।

(१३) तालिम प्राप्त जनशक्तिको साथै विपदको समयमा राहतको छरितो व्यवस्थाको लागि खोज र उद्धार सामग्रीहरूको लगत अद्यावधिक गर्नुका साथै आपतकालीन खाद्यान्न, औषधि एवं लत्ता कपडाको भण्डारण गर्न समन्वय गर्ने ।

(१४) सामाजिक एवं गैर सरकारी संघ संस्था एवं पत्रकारहरूको सहयोग समेत लिई गाँउपालिका विपद् व्यवस्थापन सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने ।

(१५) विपद्को समयमा विस्थापित परिवारहरूलाई सुरक्षित स्थानमा राखी शिविर सञ्चालन गर्न सम्भव भए सम्म विद्यालय,स्वास्थ्य केन्द्र वाहेक तत्कालका लागि अस्थायी रूपमा पुर्नस्थापना गर्न पहिचान गरिएका खुला क्षेत्रहरू प्रयोग गर्ने ।

## परिच्छेद – छ

## आपतकालिन उद्धार तथा राहत वितरण

(१६) विपद्को घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरूप प्रति मृतक रू. ३०,०००।- का दरले मृतकका परिवारलाई सहयोग उपलव्ध गराउने ।

(१७) विपदबाट घर पूर्णरूपमा नष्ट भएका वा खाद्यान्न वाली तथा जग्गा जमिन समेत नोक्सानी भै तत्काल गुजाराको लागि आवश्यक व्यवस्था गर्नको लागि रू. १५,०००।- आंशिक घर क्षति भई तत्काल मर्मतको लागि रू ८,०००।- तथा गोठ नष्ट भएमा रू ५,०००।- प्रति परिवार राहत सहयोग उपलव्ध गराउने ।

(१८) विपद्को समयमा पीडित परिवारहरूलाई सुरक्षित स्थानमा राखि शिविर संचालन, आवश्यक सहयोग र समन्वय गर्ने ।

(१९) पीडितहरूलाई राहत वितरण गर्दा यस कोषको अधिनमा रही यस समिति मार्फत् राहत सहयोग उपलव्ध गराइने छ । तर समितिबाट अनुमोदन गराउने गरी तत्काल उपलव्ध गराउनु पर्ने तोकिएको राहत रकम वडा अध्यक्षले पिडितलाई उपलब्ध गराउन सक्नुहुनेछ । यसरी उपलब्ध गराएको रकमको सोधभर्नाका लागि आवश्यक कागजातसहित समितिमा पेश गर्नुपर्नेछ ।

(२०) राहत सहयोग प्राप्त गर्नको निम्ति पीडितले घटना भएको ३० दिन भित्र प्रहरी सरजिमिन मुचुल्का तथा अन्य आवश्यक कागजात सहित यस समितिमा निवेदन पेश गर्नु पर्नेछ । मृतक तथा घाईतेको हकमा स्वास्थ्य संस्थाको प्रतिवेदन आवश्यक पर्नेछ ।

## परिच्छेद – सात

**अनुगमन तथा प्रतिवेदन सम्वन्धमा**

(२१) यो निर्देशिका अनुसार गरिएका काम कारवाहीको लागि गाँउकार्यपालिका बाट अनुगमन गरिनेछ ।

(२२) यो निर्देशिका अनुसार सञ्चालित कार्यहरूको प्रतिवेदन गाँउ कार्यपालिकामा पेश गरिनेछ ।

## परिच्छेद – आठ

**संशोधन तथा परिमार्जन सम्वन्धमा**

(२३) गाँउपालिका विपद् कोषलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार गाँउ कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिने छ ।

## परिच्छेद – नौ

**खारेजी तथा वचाउ**

(२४) यस कार्यविधिमा व्यवस्था भएका कुराहरूको हकमा **"स्थानीय सरकार सञ्चालन ऐन २०७४"** तथा अन्य प्रचलित कानुन संग वाभिएको हकमा वाभिएको हदसम्म अमान्य हुनेछ ।

आज्ञाले
भिष्मराज अर्याल
प्रमुख प्रशासकीय अधिकृत